# एकीकृत पशु स्वास्थ्य शिबिर संचालन कार्यबिधि २०७७

पृष्ठभुमी

पशु स्वास्थ्य सेवा लाई सार्बजनिक सम्पितिको रुपमा बिश्वभरी नै हेरीदै आएको बर्तमान परिप्रेक्षमा नेपालमा हाल स्थानिय निकाय मातहत पशु सेवा शाखा अर्न्तगतका पशु सेवा केन्द्र मार्फत पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ । उपमहानगरपालिकाको भौगोलिक अबस्था अनुसार नगरको सबै भुगोलमा पशु स्वास्थ्य सेवा समानरुपमा प्रदान गर्न नसकिएको र ब्यबसायीक पशु पालनको बृद्धि संगै पशु स्वास्थ्य सेवा तर्फ बिषेशज्ञ सेवा समेतको माग बढ्दै गएको बर्तमान सर्न्दभमा कतिपय अबस्थामा आवस्यक संख्यामा बिशेषज्ञहरुको उपलब्धता सहज नभएको यथार्थता लाई दृष्टिगत गरी यस कार्यक्रम मार्फत पशुपालन पकेट क्षेत्रमै बिशेषज्ञहरुको उपस्थितिमा एकीकृत पशु स्वास्थ्य शिबिर संचालन गर्ने अभिप्रायले तुलसीपुर उपमहानगरपालिकाको निति तथा कार्यक्रम सहज, सरल, प्रभाबकारी र पारर्दशी रुपमा संचालन गर्न "*एकीकृत पशु स्वास्थ्य शिबिर संचालन कार्यबिधि २०७७*" नगर कार्यपालिका बाट जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यो कार्यबिधिको नाम "एकीकृत पशु स्वास्थ्य शिबिर संचालन कार्यबिधि २०७७" रहेको छ ।

१.२ यो कार्यबिधि स्वीकृत भएको मिति बाट लागु हुने छ ।

**२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

२.१ "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका लाई संभन्नु पर्ने छ ।

२.२ "कार्यपालिका" भन्नाले तुलसीपुर नगर कार्यपालिका लाई संभन्नु पर्ने छ ।

२.३ "शाखा" भन्नाले नगर कार्यपालिका अर्न्तगतको पशु सेवा शाखा लाई संभन्नु पर्ने छ ।

२.४ "पशु सेवा केन्द्र" भन्नाले तुलसीपुर र उरहरी लाई संभन्नु पर्ने छ ।

२.५ "कार्यबिधि" भन्नाले एकीकृत पशु स्वास्थ्य शिबिर संचालन कार्यबिधि २०७७ संभन्नु पर्ने छ ।

**३. उदेश्य:यो कार्यबिधिको उदेश्य देहाय बमोजिम हुने छ ।**

३.१ तुलसीपुर उपमहानगरपालिकाको निति तथा कार्यक्रम प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ।

३.२ कृषक उद्यमी हरुलाई आबस्यक पर्ने संम्पुर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाक्लोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदि) स्थलगत रुपमा संचालन गर्न ।

३.३ पशु सेवा शाखा/पशु सेवा केन्द्रहरुको पहुचमा नरहेका कृषकहरु लाई सेवा पुचाउने ।

३.४ पशु पछिंका रोगको निदान ,उपचार र नियन्त्रणमा सहयोग पुर्चाउने ।

३.५ पशु स्वास्थ्य तथा भेटेरिनरी जन-स्वास्थ्य संम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

## परिच्छेद २

**४. कार्यक्रम संचालन प्रकृया:**

४.१. एकीकृत पशु स्वस्थ्य शिबिर संचालन गर्नु पुर्व शिबिर संचालन गर्ने स्थानको छनौट गर्ने ।

४.२ शाखा र सम्बिन्धत बडाको समन्वयमा शिबिर सन्चालन मिति र समय तोक्नु पर्ने छ ।

४.३ शाखा एवं संम्बन्धित बडाले शिबिर संचालनका सम्बन्धमा त्यस स्थानमा बसोबास गर्ने कृषक, कृषक समुह वा कृषक सहकारिलाई जानकारी गराउनु पर्ने छ ।

४.४ शाखाले शिबिर संचालन हुनुभन्दा एक साता अगाबै स्थानिय संचार माध्यमहरु रेडियो, पोष्टर, पम्पलेट आदिको माध्यम बाट शिबिर संचालनका सम्बन्धमा ब्यापक प्रचार प्रसार गर्ने छ ।

४.५ शिबिरका लागि आबस्यक बिषय बिशेषज्ञ सहित औषधि एवं खोप लगाएत अन्य सामाग्रीहरुको ब्यबस्थापन पशु सेवा शाखाले गर्ने छ ।

४.६ बिषय बिशेषज्ञ सरकारि सेवा, अनुसन्धान कार्यमा वा निजि क्षेत्रमा कार्यरत बिज्ञहरु हुनेछन ।

४.७ एउटा शिबिरमा साना र ठुला गरी कम्तिमा २००(दुई सय) पशु लाई आबस्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने छ ।

४.८ एकीकृत पशु स्वास्थ्य शिबिर संचालन अनुमानित लागत प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

## परिच्छेद ३

**५. आर्थिक कार्यबिधि ।**

५.१. एकीकृत पशु स्वास्थ्य शिबिर संचालको लागि आबस्यक संपुर्ण कृयाकलापहरु १ लाख २५ हजार रुपैँया सम्ममा सम्पन्न गर्नु पर्ने छ ।

| क्र.स. | कृयाकलापहरु | लागत रु |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिबिर संबन्धि प्रचार प्रसार<br>क) मिडिया (छाया,श्रब्य,श्रब्यदृष्य)<br>ख) तुल/ब्यानर | <br>रु ८,०००।<br>रु १,०००। |
| २ | औषधि, खोप तथा अन्य सामाग्रीको ब्यबस्थापन । | रु ९९,०००। |
| ३ | चियापान खर्च (औपाचारिक कार्यक्रम समेत) | रु ७,०००। |
| ४ | अस्थाई ट्रेबिज निर्माण तथा अन्य लजेष्टिक खर्च ब्यबस्थापन | रु १०,०००। |

५.२ एकीकृत पशु स्वास्थ्य शिबिरका लागि बोलाईएका बिज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको ब्यबस्थापन प्रचलित आर्थिक नियमानुसार नगर कार्यपालिकाको कार्यालयले गर्ने छ ।

५.३ पशु सेवा शाखा बाट खटिएका कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यबस्था स्विकृत भ्रमण आदेश अनुसार गर्नु पर्ने छ ।

## परिच्छेद ४

**६. आर्थिक प्रसासन सेवा :**

६.१ सम्पुर्ण कार्यक्रमको लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक उत्तर दायित्व कार्यबिधि ऐन २०७६, आर्थिक कार्यबिधि नियमाबलि २०६४, सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमाबलि, २०६४ बमोजिम गरिने छ ।

**७. अनुगमन, मुल्याङ्कन तथा प्रतिबेदन सम्बन्धि ब्यवस्था :**

७.१ कार्यक्रमको अनुगमन तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आर्थिक बिकास समिति गर्ने छन् साथै प्रगति प्रतिबेदन पशु सेवा शाखाले तयार पार्नु पर्ने छ ।

**८. थपघट वा हेरफेर गर्न सक्ने :**

८.१ यो कार्यबिधिको कार्यान्वयन लाई थप ब्यबस्थित र प्रभाबकारि बनाउन नगर कार्यपालिकाले आबस्यकता अनुसार यस कार्यबिधिमा थप घट, हेरफेर तथा खारेज गर्न सक्ने छ ।

८.२ यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आबस्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

*समाप्त*



घनश्याम पाण्डे
प्रमुख

# *पशुसेवा तालिम संचालन कार्यबिधि २०७७*

पृष्ठभुमि

कृषि प्रविधि हस्तान्तरण एवं बिस्तार गर्न तालिम लाई प्रभावकारी माध्यमको रुपमा लिईएको छ । व्यबसायीक पशु पालनको सफलताको लागी कृषकहरुमा अर्न्तनिहित ज्ञान र सिप लाई समय सापेक्ष अभिबृद्धी गर्नुनै तालिम संचालन सफलताको प्रमुख चुनौति हो । तुलसीपुर उपमहानगरपालिका पशु सेवा शाखा मार्फत प्रबिधि हस्तान्तरणका लागि कृषि प्रसार सेवा औपचारिक वा अनौपचारीक दुबै तरिका बाट कृषकहरु बिच निरन्तर प्रदान गरिदै आईरहेको छ । नगरको भौगोलिक अबस्था अनुसार कृषि प्रसार सेवा लाई नगरको सबै भुगोलमा समान रुपमा प्रदान गर्न नसकिएको र व्यबसायीक पशु पालनको बृद्धि संगै प्रसार कार्यको औचित्य बढ्दै गएको सर्न्दभमा पशु पालन सम्बन्धमा बिभिन्न बिधाका तालिम कार्यक्रम मार्फत प्रसार कार्यकर्ता वा तालिम बिषेशज्ञको अपस्थितिमा बिभिन्न अबधिका तालिम संचालन गर्ने अभिप्रायले तुलसीपुर उपमहानगरपालिकाको निति तथा कार्यक्रम सहज, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन गर्न " *पशु सेवा तालिम संचालन कार्यबिधि २०७७* " नगर कार्यपालिका बाट जारी गरिएको छ

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यो कार्यबिधिको नाम " पशु सेवा तालिम संचालन कार्यबिधि २०७७" रहेको छ ।

१.२ यो कार्यबिधि स्वीकृत भएको मिति बाट लागु हुने छ ।

२. **परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा एस कार्यबिधिमा**

२.१ " नगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका लाई संझनु पर्ने छ ।

२.२ " कार्यपालिका" भन्नाले तुलसीपुर नगर कार्यपालिकालाई संझनु पर्ने छ ।

२.३ " शाखा" भन्नाले नगर कार्यपालिका अर्न्तगतको पशु सेवा शाखा लाई संझनु पर्ने छ ।

२.४ " पशु सेवा केन्द्र" भन्नाले तुलसीपुर र उरहरी लाई संझनु पर्ने छ ।

२.५ " छोटो तालिम" भन्नाले १ (एक) दिने तालिम लाई संझनु पर्ने छ ।

२.६ " मध्यम स्तरिय तालिम" भन्नाले ३ (तिन) दिने तालिमहरु लाई संझनु पर्ने छ ।

२.७ " लामो अबधिका तालिम" भन्नाले ७ (सात) दिने तालिम हरुलाई संझनु पर्ने छ ।

२.८ " कार्यबिधि" भन्नाले पशु सेवा तालिम संचालन कार्यबिधि २०७७ संझनु पर्ने छ ।

३. **उदेश्य: यो कार्यबिधिको उदेश्य देहाय बमोजिम हुने छ ।**

३.१ तुलसीपुर उपमहानगरपालिकाको निति तथा कार्यक्रम प्रभाबकारि रुपमा कार्यान्वयन गर्न ।

३.२ शिप बिकास एवं प्रबिधि प्रसार सेवा लाई बिस्तार गर्ने ।

३.३ पशु पालनमा पेशामा संलग्न कृषकहरु लाई क्षमता बिकास तालिम उपलब्ध गराउन ।

३.४ कृषकको प्रबिधि ग्रहणशिल दरमा बृद्धि गर्ने ।

३.५ प्रविधि प्रयोग र त्यस प्रति बिस्वासको बाताबरण बनाउन जनचेतना अभिबृद्धि गर्न ।

३.६ सिकाई कार्यलाई प्रभाबकारी र भरपर्दो बनाउन ।

## परिच्छेद २

४. **कार्यक्रमको संचालन प्रकृया :**

४.१. तालिमको बिषय बस्तु र कृषक छनौट गन छनौट गर्ने ।

४.२ तालिम सन्चालन मिति र समय निर्धारण गर्ने ।

४.३ तालिमको बिषय बस्तु सहित संपुर्ण प्रशिक्षण सामाग्रीको ब्यबस्थापन गर्ने ।



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३
घनश्याम पाण्डे
प्रमुख

४.४ संभाबना एवं आबस्यकता भएमा बिषय बस्तु बिज्ञको व्यबस्थापन गर्ने ।
४.५ बिषय बिशेषज्ञ सरकारि सेवा, अनुसन्धान कार्यमा वा निजि क्षेत्रमा कार्यरत बिज्ञहरु हुनेछन ।
४.६ एउटा तालिममा २५ (पच्चीस) जना सम्म कृषक सहभागि गराउनु पर्ने छ ।
४.७ तालिम संचालन गर्न १/१ (एक) जना तालिम संयोजक र तालिम सहायक तोक्नु पर्ने छ ।
४.८ बिज्ञको लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष स्विकृति लिनु पर्ने छ ।
४.९ तालिम संचालनका लागि अनुमानित लागत प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

## परिच्छेद ३

५. आर्थिक कार्यबिधि ।

बिभिन्न अबधिका कृषक स्तरिय तालिम हरुको आर्थिक नर्मस ।

५.१ छोटो अबधिको १ (एक) दिने तालिमको खर्च बिबरण

| क्र.स. | कृयाकलापहरु | लागत रु | नर्मस दर |
|---|---|---|---|
| १ | तालिम सहभागी भ्रमण खर्च | रु/दिन/ब्यक्ति | २००। |
| २ | प्रशिक्षण सामाग्री एवं स्टेसनरी खर्च<br>क) सहभागी को लागि स्टेसनरी<br>ख) पशिक्षण सामाग्री (एकमुष्ठ) | <br>रु/ब्यक्ति<br>रु/कार्यक्रम | <br>१००।<br>२,०००। |
| ३ | हलभाडा एवं अन्य उपकरणहरु । | रु/दिन | प्रचलित बजार दर |
| ४ | खाजा खर्च (सहभागि,प्रशिक्षक) | रु/दिन/ब्यक्ति | १५०। |
| ५ | औपचारिक कार्यक्रम खाजा खर्च | रु/ब्यक्ति/कार्यक्रम | १५०। |
| ६ | बिबिध (प्रमाण पत्र,पानी,ब्यानर) | रु/कार्यक्रम | २,०००। |
| ७ | तालिम सहयोगि भत्ता | रु/दिन | ५००। |
| ८ | तालिम संयोजक भत्ता | रु/दिन | ८००। |
| ९ | कार्यपत्र बापत पारिश्रमिक | रु/कार्यपत्र | १,२००। |
| १० | प्रबचन बापत पारिश्रमिक | रु/प्रस्तुति | ८००। |

५.२ मध्यम स्तरिय ३ (तिन) दिने तालिमको खर्च बिबरण

| क्र.स. | कृयाकलापहरु | इकाई | नर्मस दर |
|---|---|---|---|
| १ | तालिम सहभागी भ्रमण खर्च | रु/दिन/ब्यक्ति | २००। |
| २ | प्रशिक्षण सामाग्री एवं स्टेसनरी खर्च<br>क) सहभागी को लागि स्टेसनरी<br>ख) प्रशिक्षण सामाग्री (एकमुष्ठ) | <br>रु/ब्यक्ति<br>रु/कार्यक्रम | <br>१००।<br>५,०००। |
| ३ | हलभाडा एवं अन्य उपकरणहरु | रु/दिन | प्रचलित बजार दर |
| ४ | खाजा खर्च (सहभागि,प्रशिक्षक) | रु/दिन/ब्यक्ति | १५०। |
| ५ | औपचारिक कार्यक्रम खाजा खर्च | रु/ब्यक्ति/कार्यक्रम | १५०। |
| ६ | बिबिध (प्रमाण पत्र,पानी,ब्यानर) | रु/कार्यक्रम | ३,०००। |
| ७ | तालिम सहयोगि भत्ता | रु/दिन | ५००। |
| ८ | तालिम संयोजक भत्ता | रु/दिन | ८००। |
| ९ | कार्यपत्र बापत पारिश्रमिक | रु/कार्यपत्र | १,२००। |
| १० | प्रबचन बापत पारिश्रमिक | रु/प्रस्तुति | ८००। |

५.३ लामो अबधिका तालिम ७ (सात) दिने तालिमको खर्च बिबरण ।

| क्र.स. | कृयाकलापहरु | इकाई | नर्मस दर |
|---|---|---|---|
| १ | तालिम सहभागी भ्रमण खर्च | रु/दिन/ब्यक्ति | २००। |
| २ | प्रशिक्षण सामाग्री एवं स्टेसनरी खर्च<br>क) सहभागी को लागि स्टेसनरी<br>ख) प्रशिक्षण सामाग्री | <br>रु/ब्यक्ति<br>रु/कार्यक्रम | <br>१००।<br>१०,०००। |
| ३ | हलभाडा एवं अन्य उपकरणहरु | रु/दिन | प्रचलित बजार दर |
| ४ | खाजा खर्च (सहभागि,प्रशिक्षक) | रु/दिन/ब्यक्ति | १५०। |
| ५ | औपचारिक कार्यक्रम खाजा खर्च | रु/ब्यक्ति/कार्यक्रम | १५०। |
| ६ | बिबिध (प्रमाण पत्र,पानी,ब्यानर) | रु/कार्यक्रम | ५,०००। |
| ७ | तालिम सहयोगि भत्ता | रु/दिन | ५००। |
| ८ | तालिम संयोजक भत्ता | रु/दिन | ८००। |
| ९ | कार्यपत्र बापत पारिश्रमिक | रु/कार्यपत्र | १,२००। |
| १० | प्रबचन बापत पारिश्रमिक | रु/प्रस्तुति | ८००। |

५.४ तालिम संचालनका लागि बोलाईएका बिज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको ब्यबस्थापन प्रचलित आर्थिक नियमानुसार नगर कार्यपालिकाको कार्यालयले गर्ने छ ।

५.५ मध्यम वा लामो समयका तालिम स्थलगत संचालन गर्नुपर्ने भएमा शाखा बाट खटिएका कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यबस्था स्विकृत भ्रमण आदेश अनुसार गर्नु पर्ने छ ।

## परिच्छेद ४

६. **आर्थिक प्रशासन सेवा :**

६.१. सम्पुर्ण कार्यक्रमको लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक उत्तर दायित्व कार्यबिधि ऐन २०७६, आर्थिक कार्यबिधि नियमाबलि २०६४, सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावलि, २०६४ बमोजिम गरिने छ ।

७. **अनुगमन, मुल्याङ्कन तथा प्रतिबेदन सम्बन्धि ब्यबस्था :**

७.१ कार्यक्रमको अनुगमन तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आर्थिक बिकास समिति गर्ने छन् र सो को प्रगति प्रतिबेदन पशु सेवा शाखाले तयार पार्नु पर्ने छ ।

८. **थपघट वा हेरफेर गर्न सक्ने :**

१. यो कार्यबिधिको कार्यान्वयन लाई थप ब्यबस्थित र प्रभावकारि बनाउन नगर कार्यपालिकाले आबस्यकता अनुसार यस कार्यबिधिमा थप घट, हेरफेर तथा खारेज गर्न सक्ने छ ।

२. यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आबस्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे प्रमुख

# *कृषक समुह गठन तथा परिचालन कार्यविधि २०७७*

*पृष्ठभुमि*

मिल्दा जुल्दा समस्या, आबस्यकता र चाहनाहरु भएका सामाजिक तथा मनोबैज्ञानिक रुपले अन्तर आश्रित व्यक्तिहरु मिलि आप्नो निश्चित साझा उदेश्यहरु सामुहिक प्रयत्न द्धारा प्राप्त गर्न बनाईएको संगठन लाई समुह मनिन्छ । कृषि प्रसारको एऊटा महत्व पुर्ण अनि अत्यन्तै लोकपृय उपकरणको रुपमा कृषक समुह लाई लिईन्छ । कृषि प्रासार सेवा दाताहरुले सामान्यतया कृषि प्रविधि प्रसार सेवा प्रभावकारी रुपमा प्रवाह गर्न सकिन्छ भन्ने उदेश्यले कृषक समुह गठन गरेको पाईन्छ त्यसैगरी कृषकहरुले भने बिभिन्न खालका सेवा प्राप्त गर्दै आय आर्जन टेवा पुर्याउने उदेस्यले समुह गठन गरेको देखिन्छ । यसै यथार्थ लाई दृष्टिगत गरी सबै भौगोलिक क्षेत्रका कृषक लाई समुहको मुल मर्म र यसको समुहिक बिकासको मान्यता लाई अंगिकार गर्दै आपसमा सहकार्य गर्न इच्छुक कृषकहरु समेटि बिभिन्न उदेश्य अनुरुपका सुमह गठन गर्ने र परिचालन गर्ने अभिप्रायले तुलसीपुर उपमहानगरपालिकाको निति तथा कार्यक्रम सहज, सरल, प्रभाबकारि र पारर्दशी रुपमा संचालन गर्न " *कृषक समुह गठन तथा परिचालन कार्यविधि २०७७* " नगर कार्यपालिका बाट जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यो कार्यबिधिको नाम " कृषक समुह गठन तथा परिचालन कार्यबिधि २०७७" रहेको छ ।

१.२ यो कार्यबिधि स्वीकृत भएको मिति बाट लागु हुने छ ।

**२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

२.१ " उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका लाई संभ्फनु पर्ने छ ।

२.२ " कार्यपालिका" भन्नाले तुलसीपुर नगर कार्यपालिका लाई संभ्फनु पर्ने छ।

२.३ " शाखा" भन्नाले नगर कार्यपालिका अर्न्तगतको पशु सेवा शाखा लाई संभ्फनु पर्ने छ ।

२.४ " पशु सेवा केन्द्र " भन्नाले सेवा केन्द्र तुलसीपुर र उरहरी लाई संभ्फनु पर्ने छ ।

२.५ "समुह/समिति" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता चाहना हरु भएका न्यूनकतम ६(छ) देखि २०(बिस) जना सम्म व्यक्तिहरु मिलेर साझा उद्देश्यहरु प्रास गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएका संस्था लाई संभ्फनु पर्ने छ ।

२.६ " कार्यबिधि" भन्नाले कृषक समुह गठन तथा परिचालन कार्यबिधि २०७७ संभ्फनु पर्ने छ ।

**३. उदेश्य:यो कार्यबिधिको उदेश्य देहाय बमोजिम हुने छ ।**

३.१ तुलसीपुर उपमहानगरपालिकाको निति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।

३.२ कृषिका नबिनतम प्रबिधि प्रसार र हस्तान्तरण जस्ता कार्यक्रम संचालन गर्न ।

३.३ पकेट क्षेत्र बिकास एवं पकेट/प्याकेज कार्यक्रम संचालन गर्न ।

३.४ ब्यबसायीक पशुपालनका लागी सहकार्य र सहकारिताको बिकास गर्न ।

३.५ पशु स्वास्थ्य ,भेटेरिनरी जन-स्वास्थ्य तथा शिप बिकास संम्बन्धमा चेतना अभिबृद्धि गर्न ।

३.६ सामुहिक रुपमा प्रबिधि संप्रेसण र ग्रहण योग्य बाताबरण निर्माण गर्न ।

३.७ पशु पालन पेशालाई ब्यबसायीक रुपमा अगाडि बढाउन ।

परिच्छेद-२

४. समुह गठन/दर्ताको प्रबिधिक पक्ष/संचालन प्रकृया/कार्यबिधि

४.१ कृषक समुह/समिति स्व-स्फुर्त वा पशु सेवा शाखाले गठन गर्ने छ ।

४.२ कृषक समुह गठनका लागि कम्तिमा ६ जना र बढिमा २० जना सदस्य रहेको हुनुपर्ने छ ।

४.३ कृषक समिति गठनका लागी कम्तिमा ३० जना र बढिमा ५० जना सदस्य रहेको हुनुपर्ने छ ।

४.४ समुह/समिति मा आबद्ध सदस्य नगर बासि हुनु पर्ने छ ।

४.५ समुह/समिति सदस्य अनिबार्य पशु पालन पेशामा आबद्ध रहेको हुनु पर्ने छ ।

४.६ समुह/समितिले बिधान तयार पर्नुपर्ने छ ।

४.७ समुह/समिति हरुले दर्ताको लागि निम्न कागजातहरु पेश गर्नुपर्ने छ ।

- रु १० को टिकट टाँसगरी अनुसुचि-१ अनुसारको निबेदन ।
- समुह/समिति को आधिकारिक बिधान को प्रतिलिपि ।
- समुह/समिति गठनका लागि प्रारम्भिक भेलामा उपस्थिति प्रतिलिपि ।
- समुह/समिति गठनको तदर्थ समिति बिबरण ।
- दर्ताको लागि समुह/समितिको आधिकारिक निर्णय प्रतिलिपि ।
- सर्म्पुण समुह/समिति सदस्यहरुको पुर्ण नामाबलि सहितको बिबरण ।
- सर्म्पुण समुह/समिति सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

४.८ प्रत्यक समुह/समिति लाई प्रमाण-पत्र प्रदान गरिने छ ।

४.९ सम्पन्न बार्षिक कृयाकलापको बिबरण सहित समुह/समितिं नबिकरण गर्नु पर्ने छ ।

४.१० समुह/समिति नबिकरण गर्न निबेदन सहित निम्न कागजात शाखामा दर्ता गर्नुपर्ने छ ।

- मासिक बैठक संचालन रेकार्डको प्रतिलिपि ।
- समुह/समिति हितकोस रकमको अबस्था बिबरण ।
- बार्षिक कृयाकलापको समेटिएको प्रतिबेदन ।

४.११ समुह/समिति गठन तथा परिचालनका लागि अनुमानित लागत बिबरण प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

परिच्छेद-३

५. आर्थिक कार्यबिधि ।

५.१ समुह/समिति गठन तथा परिचालनको लागि आबस्यक संपुर्ण कृयाकलापहरु ५ हजार रुपैया सम्ममा सम्पन्न गर्नु पर्ने छ ।

| क्र.स. | कृयाकलापहरु | लागत रु |
|---|---|---|
| १ | प्रारम्भिक कृषक भेला एवं प्रशिक्षण कार्यक्रम संचालन<br>क) स्टेसनरी सामाग्री (कपि,कलम,रजिष्टर)<br>ख) चिया खाजा खर्च | <br>रु १५००।<br>रु २,५००। |
| २ | संचार एवं अन्य लजेष्टिक खर्च | रु १०००। |

५.२ समुह गठन वा परिचालनका लागि शाखा बाट खटिएका कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यबस्था स्विकृत भ्रमण आदेश अनुसार गर्नु पर्ने छ ।



घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद-४

६. **आर्थिक प्रसासन सेवा :**

६.१ सम्पुर्ण कार्यक्रमको लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक उत्तर दायित्व कार्यबिधि ऐन २०७६, आर्थिक कार्यबिधि नियमाबलि २०६४, सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमाबलि, २०६४ बमोजिम गरिने छ ।

७. **अनुगमन, मुल्याङ्कन तथा प्रतिबेदन सम्बन्धि ब्यवस्था :**

७.१ कार्यक्रमको अनुगमन तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आर्थिक बिकास समितिले गर्ने छन् र सो को प्रगति प्रतिबेदन पशु सेवा शाखाले तयार पार्नु पर्ने छ ।

८. **थपघट वा हेरफेर गर्न सक्ने :**

८.१ यो कार्यबिधिको कार्यान्वयन लाई थप ब्यबस्थित र प्रभावकारि बनाउन नगर कार्यपालिकाले आबस्यकता अनुसार यस कार्यबिधिमा थप घट, हेरफेर तथा खारेज गर्न सक्ने छ ।

८.२ यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आबस्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

*समाप्त*